म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

म.जि.हु.का.द.नं.
३०/०६५/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- ५० २०८० पुस २२ गते आइतबार 7 January 2024, Sunday - पृष्ठ ४ मूल्य रू. ५/-

ग्राहक वर्गमा हार्दिक अनुरोध

विद्युत सम्बन्धी कुनै पनि गुनासो वा समस्या भए नेपाल विद्युत प्राधिकरणको हटलाईन नम्बर ११५० डायल गरी निर्देशन बमोजिम ८ थिची जानकारी गराउनुहोस् । हामी तपाईको समस्या समाधान गर्न २४ सै घण्टा समर्पित रहनेछौं ।

नेपाल विद्युत प्राधिकरण
बागमती प्रदेश, प्रदेश डिभिजन कार्यालय, हेटौंडा

हेटौंडा उपमहानगरको १४ औं नगरसभा सम्पन्न

चालु आवका १,११८ मध्ये ३२ योजना सम्पन्न

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगर पालिकाको १४ औं नगरसभा हेटौंडा-१८, गुम्बाडाँडामा सम्पन्न भएको छ। शनिबार हेटौंडा वडा नम्बर-१८ को कार्यालयको व्यवस्थापनमा उपमहानगरपालिकाले पर्यटन प्रवर्द्धनका लागि नगरसभा गुम्बाडाँडा क्षेत्रमा आयोजना गरेको हो ।

स्थानीयस्तरका पर्यटकीय क्षेत्रको प्रवर्द्धनका लागि उपमहानगरपालिकाले पहिलो पटक बजार क्षेत्रभन्दा बाहिर नगरसभा आयोजना गरेको हो । उपमहानगरापालिकाका प्रमुख मीनाकुमारी लामाको सभाध्यक्षता भएको नगरसभामा उपप्रमुख राजेश बानियाँ, कार्यपालिका सदस्यहरु, नगरसभा सदस्यहरु तथा उपमहानगरपालिकाका कर्मचारीहरुको उपस्थिति थियो ।

नगरसभामा उपमहानगरपालिकाको चालु आर्थिक वर्षको बजेट कार्यक्रम संशोधन प्रस्ताव पेश गरिएको छ । नगरसभामा उपप्रमुख बानियाँले नगर पालिकाले गरेका कार्य प्रस्तुत गर्नुभयो । उपमहानगरपालिकाले सबै वडा कार्यालयहरुमा खर्च केन्द्र स्थापना गरी चालु आर्थिक वर्षदेखि वडा कार्यालयमार्फत् कार्यान्वयन हुने परियोजना तथा कार्यक्रमहरु वडामै सम्झौता हुने, वडाबाटै अन्तिम भुक्तानी हुने व्यवस्था मिलाएको बानियाँले जानकारी गराउनुभयो ।

उपमहानगरपालिकाको पहिचान राष्ट्रिय तथा अन्तर्राष्ट्रियरुपमा अभिवृद्धि गर्ने उद्देश्यले देशभित्रका सिन्धुपाल्चोक जिल्लाको पाँचपोखरी थाङ्गपाल गाउँपालिकासँग भगिनी सम्बन्ध स्थापना गरी पर्यटकीय महत्वको संरचना निर्माणका लागि बजेटमा सहकार्य गरेको छ । ललितपुर महानगरपालिका र बुटवल उपमहानगरपालिकासँग समेत आपसी पहल भएको र अन्तर्राष्ट्रियरुपमा चीनको युनान प्रान्तअन्तर्गतका नगरसँग भगिनी सम्बन्ध स्थापनाका लागि पहल भइरहेको समेत बानियाँले सभामा जानकारी गराउनुभयो ।

पूर्वाधार क्षेत्रतर्फको चालु आर्थिक वर्षको आयोजना १ हजार १ सय १८ रहेकोमा हालसम्म २ सय ३२ वटा आयोजना सम्झौता भएको छ। सम्झौता भएका आयोजनामध्ये ३२ वटा सम्पन्न भएको र अन्य ९ सय ८६ वटा आयोजना कार्यान्वयनको चरणमा रहेको उहाँले जानकारी गराउनुभयो। गत आर्थिक वर्षको जिम्मेवारी सरी आएका योजनाहरुमध्ये ११० वटा योजनाहरु सम्पन्न भइसकेका छन् भने ६१ वटा आयोजना सम्पन्न हुने क्रममा रहेको उपप्रमुख बानियाँले जानकारी दिनुभएको छ ।

पूर्वाधार विकास कार्यक्रमको भौतिक प्रगतितर्फ प्रथम चौमासिक अवधिमा कंक्रिट सडक २ किलोमिटर, कालोपत्रे ३ सय ५५ मिटर, शैक्षिक पूर्वाधारतर्फ एउटा, सांस्कृतिक जगेर्नातर्फ २ वटा गुम्बा निर्माण, ५ वटा मन्दिर निर्माण, एउटा मदरसा निर्माण र एउटा यात्रु प्रतिक्षालय निर्माण भएको छ । यस्तै, उपमहानगर पालिकाको गौरवका आयोजनाको रुपमा रहेको वडा नं. १० स्थित एकीकृत बस टर्मिनल निर्माण कार्यको भौतिक प्रगति ७० प्रतिशत भएको छ।

उपमहानगरपालिकाले भवन इजाजततर्फ चालु आर्थिक वर्षको मंसिर मसान्तसम्म भवन निर्माणका लागि ९४ वटा नक्सा दर्ता भएकोमा ७८ नक्सा स्वीकृत गरेको छ। उपमहानगरपालिकाले वडा नम्बर ८ बाट २१ बिघा र वडा नम्बर ४ बाट ८ बिघा जग्गा नगर विकास समितिको मातहतमा ल्याइएको जनाएको छ । उपमहानगरले चालु आर्थिक वर्षमा ३० करोड ९४ लाख रुपैयाँ राजश्व प्रक्षेपण गरेकोमा पौष १५ सम्ममा १५ करोड ४५ लाख आय गरेको छ ।

चालु आर्थिक वर्षको पहिलो चौमासिकसम्म न्यायिक समितिमा ११९ वटा विवाद दर्ता भएकोमा ४७ वटा मिलापत्र भएको, २ वटा मुद्धा फिर्ता, ४ वटा मुल्तबीमा रहेको र अन्य ६२ वटा विवाद समाधानको चरणमा रहेको बताइएको छ । उपमहानगरपालिकाले पहिलो चौमासिकसम्ममा विभिन्न सिफारिस गरी ३३ हजार ८३ जनालाई सेवा प्रदान गरेको छ । यसै अवधिमा २ हजार ७ सय ८५ व्यक्तिगत घटना दर्ता भएको छ। उपमहानगरले १९ वटै वडामा पहिलो त्रैमासिकभित्र १४ करोड १० लाख ९० हजार ५७८ रुपैयाँ बैकिङ प्रणालीमार्फत् भुक्तानी गरेको छ ।

चालु आर्थिक वर्षमा २ अर्ब ९० करोड ६२ लाख ६५ हजार बजेट पेश भएकोमा आर्थिक वर्षको हालसम्मको अवधिमा आयतर्फ संघीय सरकार समानीकरण तथा सशर्त अनुदानतर्फ ५५ करोड २३ लाख ३५ हजार, समपूरक अनुदानतर्फ २३ लाख ७५ हजार, विशेष अनुदानतर्फ ८७ लाख ५० हजार प्रदेश सरकार समानीकरण, सशर्त र समपूरक अनुदान गरी ५ करोड ६४ लाख ६९ हजारप्राप्त गरेको छ । यसैगरी, संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने राजश्व बाँडफाँटतर्फ ११ करोड ११ लाख ४८ हजार, उपमहानगरपालिकाको आन्तरिक स्रोत तथा अन्य आम्दानीसमेत गरी हालसम्म जम्मा ७४ करोड २ लाख ५ हजार प्राप्त भएको छ ।

खर्चतर्फ कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रतर्फ हालको अवधिसम्म २१ करोड ५३ लाख २७ हजार ८८० रुपैयाँ र सुशासन तथा अन्तर सम्बन्धित क्षेत्रतर्फ १ करोड ९७ लाख ६०७ रुपैयाँ खर्च भएको छ ।

पूर्वाधार विकास क्षेत्रतर्फ ८ करोड ५७ लाख ८५ हजार, सामाजिक विकास क्षेत्रतर्फ ३१ करोड ९९ लाख ४४ हजार र आर्थिक विकास क्षेत्रतर्फ ८६ लाख ४० हजारसमेत गरी कुल व्यय ६४ करोड १८ लाख भएको नगरसभामा प्रस्तुत गरिएको छ ।

मकवानपुर उद्योग वाणिज्य संघको साधारणसभा

हेटौंडा बजार क्षेत्रको सडक विस्तार हुनुपर्छः मुख्यमन्त्री जमकट्टेल

समाज संवाददाता

हेटौंडाः मकवानपुर उद्योग वाणिज्य संघको ५७ औं वार्षिक साधारणसभा शनिबार भएको छ । साधारणसभालाई सम्बोधन गर्दै बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जमकट्टेलले हेटौंडा बजार क्षेत्रको सडक विस्तार हुनुपर्ने बताउनुभएको छ ।

राजनीतिक दलहरुले हेटौंडा बजार क्षेत्रको राष्ट्रिय राजमार्गलाई सधैं राजनीतिकरण गर्दा सडक विस्तारको समस्या कहिल्यै नहटेको उहाँले बताउनुभयो । हेटौंडा बजारको सडक विस्तार गर्ने कुरा प्रदेशको क्षेत्रभित्र नपर्ने हुँदा संघीय सरकारले नै टुङ्गो लगाउने उहाँको भनाइ छ ।

उद्योग वाणिज्य संघले सडक सीमाभित्रको संरचना भत्काउन दिनुपर्ने र विकल्प खोज्नुपर्ने उहाँले बताउनुभयो । उहाँले अहिले व्यवसायीमात्र नभएर सबैतिर निराशा छाइरहेको अवस्था रहेको बताउनुभयो। सरकारले पछिल्लो समय राम्रा कामहरु सुरु गरेको र त्यसले नतिजा पनि सकारात्मक दिइरहेकाले व्यवसायीहरुलाई चिन्तित नहुन उहाँले आग्रह गर्नुभयो ।

अहिले प्रचण्ड नेतृत्वको सरकार आएपछि धेरै समयदेखि घाटामा रहेको नेपाल आयल निगम र वायु सेवा निगम नाफामा गएकाले अन्य क्षेत्रहरुमा पनि विस्तारै समस्या समाधान हुँदै जाने मुख्यमन्त्री जमकट्टेलले बताउनुभयो । सरकारले अहिले विद्युत् निर्यात गर्दा आर्थिक अवस्था सुधार भएको उहाँले बताउनुभयो। अहिले नेपाल राष्ट्र बैंक सरकारको सहयोगीको रुपमा नरहेको बताउनुहुँदै उहाँले समयमै मौद्रिक नीति नबनेको बताउनुभयो । समयमा मौद्रिक नीति नबन्दा सरकारले त्यहीअनुसारले नीति ल्याउन कठिन भएको उहाँले बताउनुभयो ।

साधारणसभामा बोल्नुहुँदै बागमती प्रदेश सरकारकी सामाजिक विकासमन्त्री कुमारी मोक्तानले हेटौंडा बजारलाई व्यवस्थित गर्नु सबैको दायित्व भएको बताउनुभएको छ। हेटौंडा बजार क्षेत्रको सडक विस्तारलाई रोक्ने र छेक्नेभन्दा पनि नीतिगतरुपमा टुङ्ग्याउनुपर्ने उहाँले बताउनुभयो । यस विषयमा सबै जिम्मेवार तह र सरकारले समन्वयकारी भूमिका निर्वाह गरेर अगाडि बढ्नुपर्ने उहाँले बताउनुभयो ।

प्रतिनिधिसभाका सदस्य महेशकुमार बर्तौलाले सरकारको कमजोरीका कारण व्यावसायिक तथा अन्य क्षेत्रमा निराशा छाएको बताउनुभएको छ। शनिबार मकवानपुर उद्योग वाणिज्य संघको ५७ औं साधारणसभालाई सम्बोधन गर्नुहुँदै सरकारले व्यवसायीलाई आशा जगाउने काम गर्न नसकेको सांसद बर्तौलाले बताउनुभयो ।

सरकारको कमजोरीले गर्दा सही नीति नबनेको र बैंकहरुले बदमासी गरी १४ प्रतिशतभन्दा बढी व्याज तिर्नुपर्ने अवस्था सिर्जना भएकाले व्यवसायी निराश भएको उहाँले दावी गर्नुभयो। सरकारले व्यवसायीलाई लगानीमैत्री वातावरण बनादिनुपर्ने उहाँले बताउनुभयो । सरकारले आर्थिक क्षेत्रलाई चलायमान बनाउन अहिले बन्द रहेका उद्योगहरु पुनः सञ्चालन गर्न आवश्यक रहेको उहाँले बताउनुभयो ।

प्रतिनिधिसभाका सदस्य दीपकबहादुर सिंहले देशको व्यापारघाटा रोक्न उद्योगहरु सञ्चालनमा ल्याउनुपर्ने बताउनुभएको छ । साधारणसभामा बोल्नुहुँदै सांसद सिंहले समस्यामा रहेका व्यवसायी र उद्योगीलाई बचाउनपुर्ने आवश्यकता रहेको बताउनुभयो । उहाँले सरकारले बन्द रहेको हेटौंडा कपडा उद्योगलाई पुनः सञ्चालन गर्नुपर्नेमा जोड दिनुभयो ।

हेटौंडा कपडा उद्योग सञ्चालन भएमा २ हजारभन्दा बढीले रोजगारी पाउने उहाँले दाबी गर्नुभयो । उत्पादन भएको कपडा सबैले लगाएमा उद्योग राम्रोसँग चल्ने उहाँको भनाइ छ। पछिल्लो समय युवाहरु विदेशिने क्रम बढेकाले सरकारले त्यसलाई रोक्न विशेष ध्यान दिएर काम गर्नुपर्ने आवश्यकता रहेको उहाँले बताउनुभयो । युवा देशमा नभए केही गर्न सम्भव नहुने उहाँको भनाइ छ । सरकारमा बस्नेहरुले जनतालाई नझुक्याइकन निर्वाचनमा बोलेका सबै कार्य गर्नुपर्ने बताउनुभयो ।

साधारणसभालाई सम्बोधन गर्नुहुँदै संघका अध्यक्ष कृष्ण गुप्ता अग्रवालले राज्यले उद्योग र व्यवसाय क्षेत्रलाई राजस्व संकलनको स्रोतभन्दा माथि नसोचेको बताउनुभयो । अहिले मर्यादितरुपमा व्यवसाय सञ्चालन गर्ने आधार तयार नभएको उहाँको भनाइ छ। व्यवसायीहरु विभिन्न झन्झट र कानुनी तथा नीतिगत अप्ठ्यारोहरुले जेलिएको अवस्था रहेको उहाँले बताउनुभयो ।

हेटौंडामा २५ मिटर सडक विस्तारको समस्याले नगरबासी र व्यवसायीलाई त्रसित बनाइरहेको हुँदा यसको उचित निकास दिनुपर्ने उहाँले बताउनुभयो। हेटौंडाको मुल बजार क्षेत्रको सडकलाई यथावत कायम राखी वाइपास सडक निर्माण गर्नुपर्नेमा उहाँले जोड दिनुभयो । सडक विस्तार गर्नैपरे पीडित घरधनीलाई उचित मुआब्जा दिएर विकल्पको व्यवस्थापन गर्न आग्रह गर्नुभयो ।

साधारणसभामा संघले तीन जनालाई सम्मान गरेको छ । संघले मनहरीमा उद्योग वाणिज्य संघका लागि जग्गा दान दिने व्यवसायी नारायण सुवेदी, शिक्षासेवी ग्रेस श्रेष्ठ र सुनमाया मोक्तानलाई सम्मान गरेको हो । साधारणसभामा राष्ट्रियसभा सदस्य रामचन्द्र राई, बागमती प्रदेशसभा सदस्य एकालाल श्रेष्ठ, संघका केन्द्रीय उपाध्यक्ष हेमराज ढकाललगायत केन्द्रीय सदस्यहरु, प्रदेश र जिल्ला कमिटीका पदाधिकारीहरुको उपस्थिति रहेको थियो ।

पूर्वविद्यार्थीद्वारा वंशगोपाल माविमा अक्षयकोष

अक्षयकोष स्थापनाका लागि आर्थिक सहयोग गर्ने सहयोगीहरु ।

समाज संवाददाता

हेटौंडाः हेटौंडा-६, चौघडास्थित वंशगोपाल माध्यमिक विद्यालय (प्राविधिक शिक्षालय) मा पूर्वविद्यार्थीको सहयोग र सक्रियतामा छात्रवृत्ति तथा विषयगत सहयोग अक्षय कोषको सुरुवात भएको छ। शनिबारबाट सुरुवात गरिएको विपन्न तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति एवम् विषयगत सहयोगका लागि सुरुवात गरेको कोषमा ७ लाख २३ हजार ५ सय ६६ रुपैयाँ संकलन भएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष श्यामप्रसाद श्रेष्ठले जानकारी दिनुभएको छ ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष श्यामप्रसाद श्रेष्ठको सभाध्यक्षता तथा वडाध्यक्ष विष्णु बहादुर दाहालको प्रमुख आतिथ्यतामा कार्यक्रमको उद्घाटन गरिएको थियो । वडा अध्यक्ष दाहालले आगामी आर्थिक वर्षमा वडाले ५ लाख रुपैयाँ अक्षयकोष जम्मा गर्ने प्रतिवद्धता समेत व्यक्त गर्नु भएको छ ।

अक्षयकोष निर्माणका लागि विद्यालयका पूर्वविद्यार्थी २०४४ व्याच समुहबाट ३ लाख, हेटौंडा-७ न्युरेनीका शम्भुप्रसाद आचार्यले १ लाख २३ हजार ४ सय ५६ रुपैयाँ, चौघडाका अजय बिक्रम मानन्धरले स्व. पिता दशबहादुर मानन्धर र माता चैतमायाँ मानन्धरको स्मृतिमा १ लाख १० हजार १ सय १० रुपैयाँ, अध्यक्ष श्यामप्रसाद श्रेष्ठले ५० हजार, हाल अमेरिकामा रहनुभएका हेटौंडाका सुपेन्द्र बस्नेतले ५० हजार, (हाल क्यानडा बस्ने) शान्तिटोलका इन्जिनियर भरत सापकोटाले १ लाख रुपैयाँ र गरी अक्षयकोषमा ७ लाख २३ हजार ५ सय ६६ रुपैयाँ संकलन भएको श्रेष्ठले जानकारी दिनुभयो । साथै अच्युत देबकोटाले (प्रस्तावित) १ लाख रुपैयाँको घोषणा गर्नु भएको छ ।

पूर्व वडाध्यक्ष अर्जुन चौलागाई, पूर्व विद्यालय व्यवस्थापन समितिका सल्लाहकार त्रिबिक्रम मानन्धर, सिन्धुली जिल्लाको मरिन गाउँपालिकास्थित डिभिजन वन कार्यालयका वनअधिकृत तथा बंशगोपाल माविको एसएलसी २०४४ समुहको अध्यक्ष अजय बिक्रम मानन्धर, बंशगोपाल पूर्वविद्यार्थी संघको अध्यक्ष शालिकराम घिमिरे, बंशगोपाल विद्यालयका पूर्वशिक्षक शम्भु प्रसाद आचार्य, विजय श्रेष्ठ, पुर्व विद्यार्थी, विभिन्न संघ संस्थाको प्रतिनिधि, विद्यालय व्यवस्थापन समिति, शिक्षक, कर्मचारी लगायतको उपस्थित रहेको थियो ।

एकैदिन २ जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशको काभ्रेपलाञ्चोक र सिन्धुली जिल्लामा एकैदिन २ जनाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ । काभ्रेपलाञ्चोक जिल्लाको पाँचखाल नगरपालिका-५, खावामा एकजनाको मृत्यु भएको छ। मृत्यु हुनेमा सप्तरी जिल्लाको रुपनी गाउँपालिका-४ घर भई हाल काठमाडौंको कलंकी बस्ने ५५ वर्षीय शिवु भगत रहेको प्रहरीले जानकारी दिएको छ।

शुक्रबार काभ्रेको भुम्लु गाउँपालिका-१०, दोलालघाटमा पिकनिक गई साँझ ५ बजेको समयमा फर्कने क्रममा खावा नजिकै बाटोमा भगत बेहोस भएका थिए। भगतलाई उपचारका लागि धुलिखेल अस्पताल लगिएकोमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ। सिन्धुली जिल्लाको दुधौली नगरपालिका-६, लालभितीमा एकजना मृत फेला परेका छन् । मृत फेला पर्नेमा दुधौली नगरपालिका-१, गिजिहानीका ५३ वर्षीय भीमनाथ अधिकारी रहेको प्रहरीले जानकारी दिएको छ।

अधिकारी बिहीबार बेलुका ९ बजेको बजेको समयमा कसैलाई नसोधी निस्की हिँडेकोमा आफन्तले खोजतलास गर्दा शुक्रबार दिउँसो ३ बजेको समयमा कमला नदीको किनारमा मृत फेला परेको प्रहरीले जानकारी दिएको छ। आफन्तका अनुसार अधिकारीको मानसिक सन्तुलन ठिक थिएन ।

सम्पादकीय

निर्णय सार्वजनिकको निरन्तरता

निर्धारित समयमा कार्यपालिका बैठक नबस्ने र कार्यपालिका बैठकको निर्णयसमेत सार्वजनिक नगरेको भन्दै व्यापक आलोचना भएपछि हेटौंडा उपमहानगरपालिकाले कार्यपालिका बैठकको निर्णय सार्वजनिक गर्न थालेको छ । उपमहानगरपालिकाले ३६ औं कार्यपालिका बैठकको निर्णय दुई दिनपछि सार्वजनिक गरेकोमा शुक्रबार ३७ औं कार्यपालिका बैठकको निर्णय बैठक बसेकै दिन गरेको हो । स्थानीय सरकारले गरेका हरेक निर्णय र गतिविधिबारे सम्बन्धित क्षेत्रका नागरिक सुसूचित हुन पाउनुपर्ने दबाब बढाइएपछि उपमहानगरपालिकाले निर्णय सार्वजनिक गर्न थालेको छ । समृद्ध समाज दैनिकले उपमहानगरपालिकामा पारदर्शिता कायम गरी सुशासन प्रदान गर्न दबाबमूलक समाचार सामग्री निरन्तर प्रकाशन गरेपछि उपमहानगरपालिकाले लिखितरुपमै निर्णय सार्वजनिक गर्न थालेको हो । उपमहानगरपालिकाको यस कार्यलाई आम नगरबासीले सकारात्मक मानेका छन् भने सञ्चार माध्यमको खबरदारी र दबाबले सार्थकता पाएको छ ।

हेटौंडा उपमहानगरपालिकाको १४ औं नगरसभाको अघिल्लो दिन शुक्रबार उपमहानगर कार्यपालिका बैठक बसेको थियो । शुक्रबार बिहान बसेको बैठकको निर्णय शुक्रबार साँझ सार्वजनिक गरिएको छ । उपमहानगरपालिकाका प्रवक्ता सविन न्यौपानेले हस्ताक्षर गरेको निर्णय सार्वजनिक भएको हो । उपमहानगर कार्यपालिका बैठक बसेकै दिन निर्णय सार्वजनिक भएको सम्भवत: यो पहिलो पटक हो । कार्यपालिकाको बैठक लिखितरुपमा सार्वजनिक भएको यो दोस्रो पटक हो । शुक्रबारको कार्यपालिका बैठकले गरेका निर्णयहरुलाई ५ वटा बुँदामा सार्वजनिक गरिएको छ । पहिलो बुँदाको निर्णयमा अघिल्लो कार्यपालिका बैठकबाट भएका निर्णयको कार्यान्वयनको समीक्षा गरिएको उल्लेख छ । दोस्रो बुँदामा चालु आर्थिक वर्ष २०८०/०८१ को वार्षिक नीति, योजना, कार्यक्रम तथा बजेटको संशोधित अनुमानको प्रस्ताव स्वीकृतिका लागि १४औं नगरसभामा पेश गर्ने निर्णय गरेको जनाइएको छ । तेस्रो बुँदामा ऐन निर्माण तथा संशोधन गर्ने निर्णय भएको उल्लेख छ । जसअन्तर्गत् उपमहानगरले वन ऐन र संघसंस्था दर्ता तथा नियमनसम्बन्धी ऐन नगरसभामा पेश गर्ने निर्णय गरेको छ । यस्तै, आर्थिक ऐन २०८०, विनियोजन ऐन २०८० र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐन २०७५ को पहिलो संशोधन नगरसभामा पेश गर्ने निर्णय रहेको छ । कार्यपालिका बैठकले एसिया प्यासिफिक एकीकृत सहर र स्थानीय सरकारको सदस्यता प्रक्रिया अगाडि बढाउने र लेखा समितिको प्रतिवेदनमाथि छलफल गरी प्रस्तावको रुपमा नगरसभामा पेश गर्ने निर्णय भएको सार्वजनिक गरिएको छ ।

संघीयता कार्यान्वयनसँगै गाउँगाउँमा सिंहदरबार रहने भनेर आम नागरिकलाई मरुख बनाइए पनि कपितय स्थानीय सरकारले जनमुखी काम गर्न र पारदर्शी बन्न सकिरहेका छैनन् । नागरिकको सबैभन्दा नजिकको सरकारको रुपमा रहने स्थानीय सरकार जति प्रभावकारी हुन्छन्, आम नागरिकले त्यति नै सहजरुपमा सेवा र सुविधा प्राप्त गर्न सक्छन् । अहिलेको स्थानीय सरकार अधिकारसम्पन्न छन् । आर्थिक स्रोत र साधनका लागि केन्द्र र प्रदेशमा भरपर्नु परे पनि आन्तरिक राजश्व संकलनदेखि नियम, कानुन बनाउने र कार्यान्वयन गर्ने धेरै अधिकार स्थानीय सरकारलाई छ । यस्ता स्थानीय सरकारले गरेका र गर्न खोजेका काम कारबाहीबारे नागरिकले थाहा पाउनुपर्छ । जसले गर्दा आम नागरिकले पनि स्थानीय सरकारका नीति, कार्यक्रम तथा योजनाबारे उचित सुझाव र सल्लाह दिन सक्छन् ।

तोकिएको समयमा कार्यपालिका बैठक नबस्ने, बैठकको जानकारी कार्यपालिका सदस्यले समयमै थाहा नपाउने, बैठकको निर्णयसमेत तत्काल नलेख्ने र भएका निर्णय सार्वजनिक नहुने गरेका कारण हेटौंडा उपमहानगरपालिकाको नेतृत्व आलोचित बन्दै आएको थियो । मिडियाको निरन्तर खबरदारी, सचेत नागरिकको सल्लाह सुझावका कारण पछिल्लो समय उपमहानगर नेतृत्व केही लचिलो बनेको छ । कमसेकम बैठकको निर्णय सार्वजनिक हुन थालेको छ । यसले नगरबासीलाई आफ्नो सरकारले के गर्दैछ र के गरिरहेको छ भन्ने जानकारी हुने भएको छ, यसलाई निरन्तरता दिनु आवश्यक छ । निर्धारित कार्यतालिकाअनुसार कार्यपालिका बैठक बस्ने र सकेसम्म बैठकलाई प्रत्यक्ष प्रसारण गर्नेतर्फ उपमहानगर नेतृत्वले आवश्यक व्यवस्थापन गर्नसकेमा उपमहानगर सरकारप्रति नगरबासीको विश्वास बढ्ने निश्चित छ ।

महत्वपूर्ण फोन नम्बरहरु

जिल्ला प्रशासन कार्यालय ५२०४९५	फापरबारी इलाका ६२१९८०
जिल्ला प्रहरी कन्ट्रोल १००	चित्लाङ इलाका ६२१०००
ट्राफिक प्रहरी १०३	वारुण यन्त्र १०१
वडा प्रहरी ५२०२९९	बालबालिका खोजतलास केन्द्र १०४
पशुपतिनगर इलाका ५२०५९८	बाल हेल्पलाइन १०९८
मनहरी इलाका ९८५५०९०१६१	हेलो सरकार ११११
भीमफेदी इलाका ६९१४६२	नेपाल टेलिकम सोधपुछ १९७
पालुङ इलाका ६२०४६७	

तपाईको राशिफल

पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४३०२८३३३

मेष : व्यवसायका असजिला पक्षहरु निराकरण होलान् ।
वृष : विवाद र चिन्तनमूलक काममा समय व्यतित ।
मिथुन : बुद्धिको उपयोगले लक्ष्य प्राप्ति हुने समय छ ।
कर्कट : आवेग नियन्त्रण नहुँदा हानी हुने समय छ ।
सिंह : प्रतिष्ठा प्राप्तिको समय योग रहेको देखिन्छ ।
कन्या : नयाँ उद्यम र परियोजनाका काममा सरिक
तुला : थोरै प्रयासले काममा सफलता हुने योग छ ।
वृश्चिक : धन व्ययका कारण उदासिन बनिने समय छ ।
धनु : महत्वपूर्ण कार्यसिद्धि हुने समय योग रहेको छ ।
मकर : मान र प्रतिष्ठा बढ्न सक्ने समय योग छ ।
कुम्भ : अरुका लागि समय व्यतित हुने समय छ ।
मीन : दिकदारी र चिडचिडेपन बढ्ने समय योग छ ।

नेता होइन नेतृत्व

प्रा.डा. हरि शर्मा

राष्ट्रको कार्यकारी प्रमुखका रूपमा प्रम कमरेड प्रचण्डको कार्यावधि सकिएको एक वर्ष पुगेको उपलक्ष्यमा उहाँले राष्ट्रका नाममा गरेको समीक्षात्मक विवेचनासहितको सम्बोधनलाई जाडोमा लगलग काँप्दै देशवासीले बडो अभिरुचिका साथ सुने । आफूले वा आफ्नो नेतृत्वमा रहेको सरकारले गरेका कामको सही समीक्षाभन्दा पनि सडक एवं गल्लीगल्लीमा जनताले राज्यव्यवस्थाविरुद्ध अभिव्यक्त गरेका आक्रोशको प्रतिवादमा उहाँले बडो कष्टपूर्ण संघर्षबाट प्राप्त गणतान्त्रिक राज्य व्यवस्थाको उपादेयताउपर सघन व्याख्या गर्नुभएको अधिकांश श्रोताको नजर अन्दाज गर्न नसकिने राय कतिपय सञ्चार माध्यमले पनि स्पष्ट शब्दमा लेखे ।

पंक्तिकारलाई क. प्रचण्डको वक्तव्य पहिले-पहिले बजेट पेस हुनुअघि राष्ट्र प्रमुखले दुवै सदनलाई पढेर सुनाउने गरेको आगामी वर्षका कार्यक्रम समाविष्ट गरिएको दस्ताबेजजस्तो लाग्यो । सरकार को सुशासन लक्षित व्यवस्थापनमा कतिपय पुराना पद्धतिहरूको पुनरावृत्ति गरिनु नै पर्ने थियो कि ? एउटा जिज्ञासा मात्र ! उहाँको 'करिस्मेटिक' व्यक्तित्वका कारण उहाँका कुरा सधैं निःसन्देह मनगढन्ते बनेर हृदयमा अमीट छाप पार्ने खालका हुन्छन् ।

एक जना दार्शनिकको भनाइ सम्झना आउँछ । गरिब देशहरूले असंख्य नेताह जन्माउँछन्, गाउँगाउँमा नेताहरूको भीडभाड रहन्छ । नेतामा चाहिने सर्वोपरि गुण भने ती उडुसे नेताहरूमा रत्तिभर पनि हुँदैन । त्यो हो नेतृत्वको गुण, जुन एकाध नेतामा मात्र रहेको देखिन्छ । त्यस गुणले समाजलाई र अन्ततोगत्वा देशलाई विकासको, उन्नतिको, स्वावलम्बनको, सत्मार्गको, सुशासनको, सुख-समृद्धि र ऐक्यबद्धताको सद्भाव र न्यायको मार्गमा सहजतापूर्वक डोर्याउन सफल हुन्छ । नेतृत्वको गुण भएका त्यस्ता नेताहरु आत्मआलोचना गर्न कहिल्यै हिचकिचाउँदैनन् र अरुको आलोचनालाई समेत एउटा सकारात्मकताको कसौटीमा राखेर जाँच्न सफल हुन्छन् । सार्वजनिक हितका लागि काम गर्दा आफ्नो निजी घरपरिवार, दुःखसुख र दिनरातको पर्वाह गर्दैनन् । त्यस्ता निःस्वार्थ नेताहरु दूरदर्शी, पारदर्शी, समदर्शी र देशभक्त हुन्छन् । संसारको कुनै पनि भौतिकताप्रति न तिनको लोभ हुन्छ, न चाहना । त्यस्ता नेताहरूमा कुनै पनि प्रकारको रिसराग र क्षोभ पनि रहेको हुँदैन ।

उक्त दार्शनिकले भनेजस्तै उपर्युक्त सबै गुण त क. प्रचण्डमा छैनन्, तर बहुलचाहिँ छन् । विरोधीहरूले उहाँलाई बहुरुपीसम्म भन्न भ्याएका छन् । आमजनताले 'कुरा बढी, काम शून्य' भएको नेता ठान्छन् उहाँलाई अहिले पनि । क. प्रचण्डमा अन्य अनेक अद्भुत गुण छन् जसले गर्दा उहाँमा देशका लागि केही गर्नैपर्छ भन्ने हुटहुटी पनि छ । विरोधीहरुलाई सहजै वशिभूत पार्न सक्नुहुन्छ । उहाँ शिक्षकको पृष्ठभूमिबाट उदाउनुभएको हुनाले उहाँसँग विद्वत्ताको अभाव पनि छैन । क. प्रचण्डले पुनः तेस्रो चोटि प्रमको कार्यभार सँभालेको एक वर्ष पुगेको अवसरमा सबैजसो राष्ट्रिय सञ्चार माध्यमबाट प्रसारित-प्रकाशित उहाँको सम्बोधनमा उल्लेख गर्नुभएका सरकारका आगामी दिनमा सम्पन्न गरिने कार्यक्रमहरुलाई यहाँ बुँदागत रुपमा प्रस्तुत गर्ने जमर्को गरिएको छ । पहिलो, काठमाडौँवासीले निकट भविष्यमा घरघरै मेलम्चीको पानी उपभोग गर्न पाउनेछन् । दोस्रो, देशको नीति, कार्यक्रम र बजेट निर्माणका लागि आमनागरिक र जनप्रतिनिधिहरूबाट पर्याप्त 'इन्पुट' लिने ।

तेस्रो, कृषिक्षेत्रलाई समुन्नत र उत्पादकत्वमुखी बनाउन आगामी २०८१-२०९१ लाई कृषिक्षेत्रमा लगानी दशकका रुपमा मनाउन सरकारी कार्यक्रम ल्याइने । चौथो, वि.सं. २०८१ को वैशाखमै नेपालमा लगानी सम्मेलनको नयाँ संस्करण ल्याइने । पाँचौं, वि.सं. ८० को दशकलाई तीव्र विकासको दशक (फास्ट डेभलपमेन्ट डिकेड) का रूपमा मनाइने । छैटौं, संसद्को आगामी हिउँदे अधिवेशनबाट निजामती सेवा कानुन र सार्वजनिक खरिद कानुन पारित गरी कार्यान्वयनमा ल्याइने । सातौँ, देशभरि धान खेतीको प्रवर्द्धनमा जुट्ने । आठौं, सिँचाइको समुचित व्यवस्था नभई कृषिमा आत्मनिर्भर हुन नसकिने भएकाले समग्र तराई क्षेत्र सिञ्चित हुने गरी सिँचाइको विस्तार गर्ने । नवौं अर्थात् अन्तिम, सिंहदर बारभित्रको प्रधानमन्त्री कार्यालयको संर चनात्मक परिवर्तन गरिने ।

अन्य उत्तम कुराहरु उक्त सम्बोधनमा छैनन्, तर उहाँले अरु सार्वजनिक मञ्चहरुबाट देशका विविध समस्यातर्फ इंगित गर्नुभएको छ । जस्तै, विश्वविद्यालयका उच्च पदहरुमा नियुक्तिका लागि राजनीतिक दलहरुले परम्परागत रुपमा विगत अनकौं वर्षदेखि भागबन्डा गरेर आफ्ना कार्यकर्ताहरुलाई तोक्ने गरेको अवस्थाले अब निरन्तरता पाउनेछैन । यसको शैक्षिक जगत्मा ठूलो प्रशंसा भएको छ । यसलाई चरितार्थ गराउन सकेमा उहाँको नेतृत्वले उच्चता पाउने निश्चित छ । विश्वमै शैक्षिक स्तरको मापदण्डमा ख्याति अर्जेको त्रिभुवन विश्वविद्यालय आज विद्यार्थीविहीन किन हुनुपर्‍यो ? त्रिवि शैक्षिक संस्थाका रूपमा नभई राजनीतिक अखडाका रूपमा किन परिचित हुन पुग्यो ? यसबारे जिम्मेवारी कसले लिने ? आदि प्रश्नहरू अहिले टड्कारो रूपमा अघि अगाडि आइरहेका छन् । तत्सम्बन्धमा अहिले सरकारले उच्च शिक्षासम्बन्धी कानुनको प्रारूप तयार पारिरहेकोमा उच्च शिक्षा क्षेत्रमा कार्यरत विज्ञहरूले बडो उत्सुकताका साथ त्यसको कार्यान्वयन पक्षबारे अड्कलबाजी लगाइरहेको अवस्था छ ।

विश्वविद्यालय सञ्चालनमा बोर्ड अफ ट्रस्टिजको गठनलाई सकारात्मक आँखाले नै हेरिएको छ । उच्चस्तरीय शिक्षा आयोगको प्रतिवेदन, २०७५ ले सुझाएका विषयहरुलाई सरकारले गम्भीरतापूर्वक लिनु समयसापेक्ष ठहरिनेछ । सबैभन्दा महत्वपूर्ण कुरा त्रिविले अब प्राज्ञिक उत्कृष्टताको केन्द्रका रुपमा स्वयंलाई सबल, सक्षम र सशक्त बनाउँदै लैजानुपर्ने हुन्छ । त्रिविको कुलपति प्रधानमन्त्री नै रहे पनि उच्चस्तरीय शिक्षा आयोगको सुझावविपरीत विश्वविद्यालयहरुमा दक्ष जनशक्ति तयार पार्ने र अध्ययन, अनुसन्धान र आविष्कारतर्फ जोड दिने परिपाटीलाई संस्थागत गरिनुपर्छ । कुनै पनि हालतमा राजनीतिक-चलखेललाई त्यहाँ प्रश्रय दिइनु हुँदैन ।

प्राध्यापक एवं विद्यार्थीहरूका लागि भारत, चीनजस्ता अन्य मित्रराष्ट्र देशहरुसँग प्राज्ञिक आदान-प्रदानका कार्यक्रमको निर्माण गरी वर्षमा एकचोटि त्यसको कार्यान्वयनतर्फ जोड दिन अनिवार्य बनाइनुपर्छ । मानित विश्वविद्यालयको अवधारण हाम्रो ग्रामीण परिप्रेक्ष्यमा श्रेयष्कर मान्नुपर्छ । आगामी दिनमा देशमा बेरोजगारी समस्या घट्न जाने कहीं कुनै संकेत देखिँदैन । यदाकदा स्थानीय सरकारको मद्दतले पटके, ज्यालादारी वा त्यस्तै प्रकृतिका प्रम रोजगारी कार्यक्रमजस्ता हावादारी कार्यक्रम फाट्टफुट्ट देखिए पनि तिनको स्थायित्व नभएकाले हाम्रा ग्रामीण युवा भारतभरी कुल्ली र चौकिदारीमा दौडिन्छन् । हुनेखाने वा मध्यम वर्गका युवाहरु बाह्र पास गर्‍यो कि पासपोर्ट बनाउनेतिर अरू केही मात्तिएका कलाकार भनाउँदाहरु विमानस्थलमा आफैंले लाएको टोपी र झन्डा भुइँमा फालेर विमान चढ्छन् । यो बेथितिलाई सम्बोधन कसले गर्ने ?

नेतृत्वमा बस्नेहरूले अगाडि-पछाडि सुरक्षा टोली राखेर गठबन्धनको सशक्तीकरणका लागि घण्टौं लामो बैठक गरेर थाकेको भन्दै मन्त्रालय नगई घरमै सुतला हुन दौडने ? यही हो जनताले तिरेको करमा पालिएकाहरूको दिनचर्या ! विमानस्थलभित्र छरप्रस्ट देखिने उच्च शिक्षा, धन-सम्पत्ति र सहज जीवनको सपनामा जकडिएको मनस्थिति लिएर सधैंका लागि विदेशको यात्रामा हिँडेका कैयौं युवायुवतीको अनुहार नेतृत्वमा बस्नेहरूले देख्दैनन् भने त्यस्तालाई अवकाश दिनुपर्छ । नेताको नाम कलंकित बनाएर बस्ने अधिकारको सार्वजनिक भर्त्सना हुनुपर्छ । अन्य नेपाली बाआमाका कर्मवीर देशभक्त छोराहरूलाई दलाल पुँजीवादको आडमा महत्वाकांक्षीको आरोप लगाउने र टाट पल्टिँदै गएको अर्थतन्त्रको धज्जी उडाउने ?

भदौरे खोलामा बगेको पानीजस्तै कल्पनातीत रुपले विप्रेषण वृद्धि भएको अवस्थामा पनि, बैंकहरु नाफामा चलिरहेको अवस्थामा पनि, कृषिमा उत्पादन नघटेको अवस्थामा निजी क्षेत्रका नेपाली व्यवसायीहरुको अकुत लगानी र उत्साह वृद्धि भइरहेको स्थितिमा पनि, हाम्रो जलस्रोतको ऊर्जा-निर्यात बढिरहेको यथार्थका सामुन्ने पनि देशवासीमा फैलिएको यो नैराश्यताको वातावरणलाई सरकारमा बस्नेहरुले मलजल गर्ने ? शून्य सहनशीलता र सुशासनका सिलोक सुनाएर, न्याय र समतामूलक प्रगतिशील समाजको गीत गाएर, देशका युवा कर्णधारलाई श्रम अनुमति उपलब्ध गराएर, 'सुखी नेपाली, समृद्ध नेपाल' को कृत्रिम वाणी बोलेर कति दिन आफ्नो नेतृत्वको असक्षमतालाई लुतो लुकाएर राखेझैं राख्छौ ? आवेशले, उन्मादले देश चल्दैन, गल्छ अनि कमजोर हुँदै जान्छ । द्वन्द्वकालपश्चात् धेरै नेता कहलिन लालायितहरुले राजनीतिको वैतरणीसमेत पार गरे ।

सत्ताको हारालुछ सुरु भयो । देशको उत्पादकत्व, शिक्षा, कृषि तथा नैतिकता र देशका हरेक निकायको व्यवस्थापन प्रणालीभित्र अराजकताले प्रवेश पायो । पद र धनका लागि को कतिसम्म जान सक्दो रहेछ भन्ने प्रस्ट हुँदै गयो । काण्डैकाण्ड र भ्रष्टाचारका सयौं प्रकरणको पर्दाफास हुन नपाउँदै पटाक्षेप पनि हुने चलन जनताले बुझ्न थालिसके । निर्मलादेखि आरतीहरुलाई न्यायले नदेख्ने गरी आँखा चिम्ल्यो, भोको पेट लिएर बालकुमारीमा तातो गोली खाने युवाद्वयको न्याय-निसाफ दस-दस लाखमा टुंगिन्छ । मानिसको गरिबीउपरको व्यंग्य अझ कति लम्बिनी हो ? परिवर्तन र समृद्धिको हुटहुटी कहिले पूरा हुने हो ? जनताको मतदानले देशलाई आउँदा दिनहरूमा कस्तो मोडमा पुऱ्याउने हो ? सबैलाई मत चाहिएको छ– ढाँटेर, छलेर, प्रलोभनमा परेर । संसद्मा सिट बढाउनुपरेको छ, नभए गठबन्धनको गलगाँडले हाम्रा नेताहरूको प्रबुद्धतालाई कुन भीरमा लगेर जाक्ने हो, थाहा छैन । नेतृत्वले आफ्नो चाहनाको पर्वाह होइन, जनताको चाहनाको मर्मलाई पर्वाह गर्नुपर्छ भन्ने बुझ्न अनिवार्य छ ।

सत्तापिपासुहरू चुनाव हारेर पनि राष्ट्रिय सभामा जाने दौडमा व्यस्त छन् । अरुको अधिकार हनन गरेर स्वयं समानुपातिकको कोटामा जमेकाहरू सत्तालाई रिझाउने र पुनः सत्तामा नै रही निमुखा नेपालीहरूको नेता बनिरहने परिकल्पनामा मस्त होलान् । नेतामा नेतृत्वको गुण अन्तर्निहित हुनुपर्छ । गलत बाटोबाट सही बाटोतर्फ उन्मुख कसैको पनि हामी सराहना एवं श्रद्धा गर्छौं । श्रद्धेय ऋषि बाल्मिकी (रत्नाकर) र अंगुलीमालले सनातनी समाजका लागि गरेको देन बिर्सन चाहेर पनि के बिर्सन सकिएला ? आज देशलाई नेताहरूको झुन्ड होइन, असल नेतृत्व चाहिएको छ !

(स्रोत: कारोबारदैनिक)

लसुनमा के कस्तो औषधीय गुण हुन्छ ?

प्रा.डा. सुमनराज ताम्राकार

लसुनको स्वादबारे त धेरै बखान गर्नुपर्दैन । काँचो खाँदा यो पर्रर पिरो स्वादको हुन्छ । जब यसलाई दाल, तर कारीमा मिसाइन्छ स्वाद बदलिन्छ ।

मूलत: नेपाली भान्सामा लसुनको प्रयोग स्वादकै लागि गरिन्छ । यद्यपि यो औषधीय गुणले पनि भरिपूर्ण मानिन्छ । त्यसैले त प्राचीनकालदेखि औषधिकै रुपमा लसुनको प्रयोग हुँदै आएको पाइन्छ । लसुनलाई संस्कृतमा 'रसोन' भनिन्छ । किनभने धर्तीमा हुने ६ रस (पिरो, तीतो, नुनिलो, टर्रो, अमिलो, गुलियो) मध्ये लसुनमा पाँच रस हुन्छ । लसुनमा 'अमिलो' रस मात्र हुँदैन ।

'रस उन' अर्थात् एक रस कम भएकाले यसलाई 'रसोन' भनिएको हो । आयुर्वेदमा लसुनलाई दुखाइ कम गर्ने द्रव्यको वर्गमा राखिएको छ ।

लसुनको इतिहास

चीन र इजिप्टमा हजारौं वर्षअघिदेखि लसुनको उपयोग हुँदै आएको इतिहास छ । ईसापूर्व १३२५ मा मिश्रका सम्राट तुतांकखेमानको चिहानमा लसुन राखिएको थियो, लासलाई सुरक्षित राख्ने हेतुले । त्यसताका मिश्रका बासिन्दाहरु कसैको मृत्युपछि चिहानमा यसैगरी लसुन राख्थे । यस्तो मान्यता थियो कि मान्छे मृत्युपछि जब अर्को लोकमा पुग्छन्

....बाँकी पृष्ठ ३ मा

राष्ट्रियसेवक सहकारीको ६ करोड बढीको कारोबार

समाज संवाददाता

हेटौंडाः राष्ट्रसेवक बहुउद्देश्यीय सरकारी संस्थाले गत आर्थिक वर्षमा ६ करोड रुपैयाँभन्दा बढीको कारोबार गरेको छ। शनिबार सम्पन्न सहकारीको २४ औं वार्षिक साधारणसभामा संस्थाका अध्यक्ष यादविन्द्र पौडेलले आर्थिक वर्ष २०७९/०८० मा ६ करोड ८० लाख ८४ हजार ३० रुपैयाँको कारोबार गरेको जानकारी दिनुभएको हो ।

बागमती प्रदेशका पूर्वमुख्यमन्त्री डोरमणि पौडेलले सरकारसँग आवद्ध भएका जनशक्तिको सदुपयोग गर्न सक्नुपर्ने बताउनुभएको छ । अहिलेको समयमा शिक्षा प्रणालीमा सुधार नभएको उहाँले बताउनुभयो । शिक्षा नीतिलाई कसरी लैजाने, शिक्षामा कस्तो नियम लागु गर्नुपर्ने भन्ने कुराको कुनै निष्कर्ष नभएको उहाँले दावी गर्नुभएको छ । सहकारी सहकारीबीचमा सकारात्मक सहकार्य हुनुपर्ने उहाँको भनाइ छ । स्थानीय उत्पादनलाई जोड दिएर व्यापार व्यावसाय गर्नुपर्ने उहाँले बताउनुभयो ।

कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै पेशागत महासंघका केन्द्रीय अध्यक्ष पुण्यप्रसाद ढकालले निजामति सेवामा कार्यरत हुनेहरुलाई कानुनी दायराबाट बलियो बनाउनुपर्ने बताउनुभयो। वर्तमान कार्यकालमा मानव वेचविखन, भ्रष्टाचार बेथिति, विकृतिजस्ता कार्यहरु भइरहेको उहाँको भनाइ छ ।

संस्थाका अध्यक्ष पौडेलको सभाध्यक्ष तथा बागमती प्रदेशका पूर्वमुख्यमन्त्री डोरमणि पौडेलको प्रमुख आतिथ्यमा साधारणसभाको उद्घाटन गरिएको छ । उद्घाटन कार्यक्रममा सहकारीका उपाध्यक्ष फणिन्द्रप्रसाद तिमल्सिना, सचिव नेत्रप्रसाद आचार्यलगायतको उपस्थिति रहेको थियो ।

वि.स. २०५६ साल माघ १३ गते स्थापना भएको सहकारी संस्थामा १ सय ५५ जना महिला, ३ सय ९९ जना पुरुष र अन्य संस्थागत ३ गरी असार मसान्तसम्म ५ सय ५७ शेयर सदस्य रहेको संस्थाका अध्यक्ष पौडेलले बताउनुभयो । संस्थाले आर्थिक वर्ष २०७९/०८० मा ३ करोड ५ लाख रुपैयाँ ऋण लगानी गर्ने लक्ष्य लिएकोमा ३ करोड ८८ लाख ४९ हजार रुपैयाँ लगानी गरेको उहाँले बताउनुभयो । ऋण असुलीतर्फको लक्ष्य २ करोड रुपैयाँ रहेकोमा ३ करोड १२ लाख ४६ हजार रुपैयाँ असुली गर्न सफल भएको अध्यक्ष पौडेलले बताउनुभयो ।

आर्थिक वर्ष ०७९/०८० मा संस्थाको शेयर पुँजी १ करोड २४ लाख २५ हजार ३ सय रहेको अध्यक्ष पौडेलले जानकारी दिनुभयो । बाह्य ऋण सापटी चुक्ता हुन बाँकी नभएको भन्दै उहाँले सहकारीको जगेडा कोषमा २ करोड ७९ लाख जम्मा भएको बताउनुभयो । गत आर्थिक वर्षको खुद मुनाफाको २५ प्रतिशतले हुने रकम ११ लाख ५३ हजार ७७१ र अन्य कोषहरु समायोजन बाट ४१ लाख १५ हजार साधारण जगेडा कोषमा थप भएको उहाँले बताउनुभयो ।

सहकारीले गत आर्थिक वर्ष २०७९/०८० को नाफाबाट संरक्षित पुँजी फिर्ता कोषमा ८ लाख ६५ हजार, सहकारी प्रवर्द्धन कोषमा १७ हजार र सहकारी विकास कोषमा १ लाख २९ हजार छुट्याइएको अध्यक्ष पौडेलले बताउनुभयो । यस्तै, घाटापूर्ति कोष, सामुदायिक विकास कोष, सहकारी शिक्षा कोष, कर्मचारी बोनस कोष र अन्य जोखिम व्यवस्थापन कोषका लागि गत आर्थिक वर्षको नाफाबाट १ लाख २९ हजार रुपैयाँका दरले रकम छुट्याइएको उहाँले जानकारी दिनुभयो । सहकारीले गत आर्थिक वर्षको मुनाफाबाट शेयर सदस्यहरुलाई १६ लाख ७६ हजार रुपैयाँ लाभांश व्यवस्था गरेको छ ।

प्रधानाध्यापकहरुसँग अन्तरक्रिया सम्पन्न

समाज संवाददाता

हेटौंडाः शैक्षक गुणस्तर अभिवृद्धिका लागि सामुदायिक विद्यालयका प्रधानाध्यापकहरुसँग अन्तरक्रिया कार्यक्रम भएको छ। शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरको आयोजनामा शनिबार भएको कार्यक्रममा मकवानपुर जिल्ला भरिका माध्यमिक तहका प्रधानाध्यापकहरुको उपस्थिति रहेको थियो ।

शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरका प्रमुख दिनानाथ गौतमको सभाध्यक्ष्यता तथा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलानको प्रमुख आतिथ्यमा अन्तरक्रिया कार्यक्रम भएको हो। कार्यक्रममा जिल्ला समन्वय समिति प्रमुख घलानले सामुदायिक विद्यालयमा विद्यार्थीहरुको आकर्षण बढेको र एउटै विद्यालयमा ५-६ हजार विद्यार्थी केन्द्रित गर्ने सरकारको उद्देश्य रहेको बताउनुभयो । हरेक स्कूलमा नर्सहरुको व्यवस्थापन गर्ने उहाँले बताउनुभयो ।

कार्यक्रममा आधुनिक राष्ट्रिय मावि र जनप्रिय माविको शैक्षिक गुणस्तरको बारेमा समेत चर्चा भएको थियो । विद्यालयले एसईईमा उत्कृष्ट नतिजा ल्याउनका लागि विद्यार्थीलाई कोचिङ कक्षाको व्यवस्था गर्नुपर्ने विषयमा छलफल भएको थियो ।

जेसीआई बसामाडीमा कठायत

समाज संवाददाता

हेटौंडाः जेसीआई बसामाडीको अध्यक्षमा उद्धवराज कठायत निर्वाचित हुनुभएको छ। शनिबार हेटौंडामा भएको २४ औं साधारणसभाबाट २०२४ का लागि कठायत सर्वसम्मत अध्यक्ष चयन हुनुभएको हो ।

जेसीजको कार्यकारिणी उपाध्यक्षमा सुदिप नेपाल र दिपेन्द्र यादव चयन हुनुभएको छ भने उपाध्यक्षमा प्रमोद उप्रेती, ध्रुव गौतम, अभ्युदय खनाल र आयुश बोम्जम चयन हुनुभएको छ । जेसीजको पदस्थापनमा अध्यक्षले महासचिव, कोषाध्यक्ष, कानुनी सल्लाहकार सहित विभिन्न पदमा सदस्यलाई मनोनित गर्ने प्रचलन छ। जेसीजमा ४० वर्षसम्मका युवाको सक्रिय सहभागिता रहने गरेको छ। जेसीजको कार्यकाल एक वर्षको हुनेछ।

लसुनमा के कस्तो...

उनलाई रोगव्याधिले नसताओस् ।

यसैगरी लामो यात्रामा निस्किने सिपाहीहरुले पनि लसुन बोक्ने गर्थे, ताकि कुनै समस्या भएमा औषधिको रुपमा प्रयोग गर्न सकियोस् ।

मानिसहरुको बसाइँसराइसँगै लसुनको प्रयोगले व्यापकता पाउँदै गयो। ईसापूर्व छैटौं शताब्दीमा लसुनले चीन र भारतमा प्रवेश पाइसकेको इतिहासमा उल्लेख छ । त्यसबेला यसलाई उपचार का लागि मात्र प्रयोग गरिन्थ्यो । त्यसपछि क्रमशः लसुनको प्रयोग उपचारमा मात्र नभएर दैनिक जीवनमा हुन थाल्यो ।

पौराणिक कथामा पनि लसुनको महत्व उल्लेख गरिएको छ। कथाअनुसार भगवान इन्द्रसँग अमृत खोसेर पृथ्वीमा ल्याउँदा खसेका अमृतको थोपाबाट लसुनको उत्पति भयो ।

यी कथाहरुबाट के अनुमान गर्न सकिन्छ भने सदियौंदेखि लसुनलाई औषधीय वनस्पतिको रुपमा प्रयोग गरिन्थ्यो ।

के हुन्छ लसुनमा ?

मेडिकल रिसर्चअनुसार काँचो लसुनमा मुख्यतः एलिसिन भन्ने यौगिक पाइन्छ । यो त्यही तत्व हो, जसमा एन्टिब्याक्टेरियल (जीवाणुनाशक) र एन्टिफंगल (ढुसीनाशक) गुण हुन्छ। साथै लसुनमा फस्फोरस, जिंक, पोटासियम र म्याग्नेसियम जस्ता लवण पदार्थ पनि भरपुर हुन्छ। सल्फर पदार्थ हुने भएकाले लसुनको गन्ध तिख्खर हुन्छ।

के गर्छ लसुनले ?

त्यसो त दाल-तरकारीमा लसुनको प्रयोग गरिरहेकै हुन्छ, जसबाट प्रत्यक्ष-परोक्ष लाभ मिलेको हुनसक्छ। त्यसबाहेक बिहान खाली पेटमा दुई-चार केस्रा लसुन खाँदा फाइदा गर्छ । लसुनमा भएको 'एलिसिन' तत्वले विभिन्न किसिमको संक्रमणबाट बचाउन सहयोग गर्छ । टाइफाइड, ज्वरो, एलर्जीको संक्रमण हुन दिंदैन ।

शरीरमा हुने दुखाइ कम गर्न पनि लसुन प्रयोग गरिन्छ। सुन्निएको वा दुखेको ठाउँमा लसुन राखेर तताएको तेलले मालिस गर्न सकिन्छ । काँचो लसुनमा एन्टिअक्सिडेन्ट सल्फहाइड्रिल तत्व पाइन्छ, जसले शरीरबाट विषाक्त पदार्थ बाहिर निकाल्न मद्दत गर्छ ।

लसुनको नियमित प्रयोगले रक्तनलीमा जम्मा भएको खराब कोलेस्टेरोल बाहिर निकाल्छ। यसले मुटुमा हुनसक्ने जोखिम कम गर्छ। लसुन उचित मात्रामा सेवन गर्दा रक्तनलीमाथि हुने दबाब कम हुन्छ । रक्तचाप नियमित गराउन पनि लसुन उपयोगी मानिन्छ । कतिपय छालाको समस्यामा लसुनको प्रयोग गर्न सकिन्छ ।

कसले खानु हुँदैन ?

लसुनको एलर्जी, रगतको कमी र बिरामीले रगत पातलो बनाउने औषधि सेवन गरिरहेका छन् भने पनि लसुनको सेवन नगर्दा उपयुक्त हुन्छ। किनकि यस्तो अवस्थामा लसुन सेवन गरेमा अन्य समस्या बढ्न सक्छ। अल्सर भएमा पनि यसको सेवन उचित हुन्छ ।

औषधिको रुपमा लसुन प्रयोग गरिरहँदा कुनै पनि औषधि खाइरहेका वा उपचार गराइरहेकाले चिकित्सकको परामर्श लिनुपर्छ। *(स्रोतः अनलाईनखबर)*

हरियाली टोलको साधारणसभा सम्पन्न

समाज संवाददाता

हेटौंडाः हेटौंडा-४, कमलडाँडास्थित हरियाली टोल विकास संस्थाको वार्षिक साधारणसभामा सम्पन्न भएको छ । शनिबार बिहान टोल विकास संस्थाका अध्यक्ष राजु अर्यालको अध्यक्षता तथा वडा सदस्य जनरल श्रेष्ठको प्रमुख आतिथ्यमा साधारणसभा भएको हो ।

साधारणसभामा संस्थाका सचिव सुरेश श्रेष्ठले टोल विकास संस्थालाई क्रियाशील बनाई वाचनालय सन्चालन गर्ने, नियमित सरसफाई र बचत संकलनको कार्य गरिने बताउनुभयो। प्रमुख अतिथि जनरल श्रेष्ठले वडाको भौतिक पूर्वाधार विकासको कार्य पर्याप्त मात्रामा भएको उल्लेख गर्नुहुँदै टोल विकास संस्थामार्फत वडाको सामाजिक विकासको कार्य गरिने बताउनुभयो । समुदायमा आपसी सौहार्द्धता अभिवृद्धि गर्ने, सद्भाव फैलाउने माध्यमको रुपमा टोल विकास संस्थालाई विकसित गर्दै लैजानुपर्ने उहाँको भनाई थियो। कार्यक्रममा टोल विकास संस्थाका अध्यक्ष राजु अर्यालले विगतमा केही निष्क्रिय रहेको टोल विकास संस्थालाई आगामी दिनमा टोलवासीको सल्लाह, सुझावमा प्रभावकारी काम गर्ने बताउनुभयो । कार्यक्रममा टोल विकास संस्था नगर समन्वय समितिका महासचिव शिवहरि दाहाल, टोल विकास संस्था वडा समन्वय समितिका अध्यक्ष राजेन्द्र वास्ताकोटी, हरियाली टोल विकास संस्थाका पूर्वअध्यक्ष शान्ति लामिछाने, बालमैत्री सहजकर्ता अमिसा अधिकारीको पनि आतिथ्य रहेको थियो । साधारणसभाअघि टोल विकास संस्थाका पदाधिकारी तथा टोलवासीले टोल क्षेत्रको सरसफाई गरेका थिए ।

हार्दिक आभार

विद्यालयको सम्पत्तिको रुपमा रहेका पूर्वविद्यार्थीले विद्यालयको शैक्षिक सुधारका लागि सहयोग पुग्ने उद्देश्यसहित **'वंशगोपाल माध्यमिक विद्यालय (प्राविधिक शिक्षालय) छात्रवृत्ति तथा विषयगत सहयोग अक्षयकोष'** मिति २०८० साल पुस २१ गते शनिबारका दिन विद्यालय परिसरमै भेला भई स्थापना गर्दै अक्षयकोषका लागि तपसीलमा उल्लेखित रकम उपलब्ध गराएकोमा विद्यालय परिवार पूर्वविद्यार्थीप्रति आभार व्यक्त गर्दछ। आगामी दिनमा पनि पूर्वविद्यार्थीको ज्ञान, सीप र सहयोग निरन्तर रहने अपेक्षा गर्दछ।

तपसील

१) २०४४ साल एसएलसी ब्याचबाट ३,००,०००/-
२) शम्भुप्रसाद आचार्य हेटौंडा-७, न्युरेनी १,२३,४५६/-
३) अजय बिक्रम मानन्धर चौघडा ११०११०/-
(स्व. पिता दशबहादुर मानन्धर र माता चैतमायाँ मानन्धरको स्मृतिमा)
४) श्यामप्रसाद श्रेष्ठ हेटौंडा-६,चौघडा ५०,०००/-
(स्व.पिता माता-बिष्णुप्रसाद श्रेष्ठ र सूर्यमायाँ श्रेष्ठको स्मृतिमा)
५) सुपेन्द्र बस्नेत हेटौंडा-६, हाल अमेरिका ५०,०००/-
६) भरत सापकोटा हेटौंडा-६ शान्तिटोल १,००,०००/-

समारोहमा संकलित प्रारम्भिक अक्षयकोष रकम– ७,२३,५६६/-

रमेशप्रसाद लामिछाने
प्रधानाध्यापक

श्यामप्रसाद श्रेष्ठ
अध्यक्ष, विद्यालय व्यवस्थापन समिति

एवम् वंशगोपाल माध्यमिक विद्यालय (प्राविधिक शिक्षालय) परिवार

हेटौंडा-६, चौघडा

स्याङ्तान यु-१९ को ३५ जनामा छनोट

समाज संवाददाता

हेटौंडाः हेटौंडा फुटबल एकेडेमीकी खेलाडी सजिना स्याङ्तान यु-१९ को राष्ट्रिय टोलीमा सहभागी हुनका लागि ३५ जना महिला खेलाडीको सूचीमा पर्न सफल भएकी छिन् । नेपाल भरिबाट सहभागिता जनाउनका आएका ७५ जना महिला खेलाडीहरुमध्ये हेटौंडा फुटबल एकेडेमीकी स्याङ्तान ३५ जनामा पर्न सफल भएको एकेडेमीका अध्यक्ष तथा प्रशिक्षक भीम लामाले जानकारी दिनुभएको हो ।

स्याङ्तान विगत २ वर्ष ६ महिनादेखि फुटबल एकेडेमीमा आवद्ध छिन् ।

मकवानपुर जिल्लाको प्रतिनिधित्व गर्दै छनोट प्रतियोगितामा ३ दिन १-१ गोल गर्दै ३५ जनामा सहभागी हुन सफल भएकी हुन् । स्याङ्तानले प्रदेशस्तरीय, कलैया गोल्डकप, बारा जिल्ला कपलगायतका खेलहरुमा सहभागी भएकी छिन् । छनोट भएका ३५ खेलाडीलाई १५ दिनसम्म बन्द प्रशिक्षणमा सहभागी गराइनेछ । बन्द प्रशिक्षणमा सहभागीमध्येबाट १५ दिनपछि उत्कृष्ट २३ जना छनोट गरिने बताइएको छ ।

मकवानपुर जिल्लामा महिला खेलाडीहरुलाई प्राथमिकता नदिएकाले मकवानपुरबाट सहभागी कम भएको बताउनुहुँदै आफ्नो एकेडेमीको खेलाडी छनोट भएकोमा लामाले खुशी व्यक्त गर्नुभएको छ ।

४० जनाले रक्तदान गरे

समाज संवाददाता

हेटौंडाः मकवानपुर उद्योग वाणिज्य संघको वार्षिक साधारणसभाको अवसरमा शनिबार बिहान रक्तदान कार्यक्रम भएको छ। संघको ५७ औं वार्षिक साधारणसभाको अवसरमा भएको कार्यक्रममा ४० जनाले रक्तदान गरेका छन् ।

नेपाल उद्योग वाणिज्य महासंघका सदस्य तथा मकवानपुर उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष कृष्ण कटुवालको प्रमुख आतिथ्यमा रक्तदान कार्यक्रम भएको हो । रक्तदान कार्यक्रममा रक्तसञ्चार केन्द्र हेटौंडाको प्राविधिक सहयोग रहेको थियो ।

हेटौंडा बचतको साधारणसभा सम्पन्न

सहकारीका सदस्यलाई सम्मान गरिदै ।

समाज संवाददाता

हेटौंडाः हेटौंडा-७, नागस्वतीस्थित हेटौंडा बचत तथा ऋण सहकारी संस्था लिमिटेडको वार्षिक साधारणसभा शनिबार सम्पन्न भएको छ । सहकारीका अध्यक्ष ईन्द्रबहादुर बस्नेतको अध्यक्षता तथा बागमती प्रदेश सभा सदस्य एका लाल श्रेष्ठको प्रमुख आतिथ्यमा साधारणसभा भएको हो । साधारणसभाको अवसरमा विभिन्न व्यक्तिलाई सम्मान गरिएको छ ।

सहकारीले स्वतन्त्र पत्रकार संघ मकवानपुरका अध्यक्ष गोकुल अधिकारी, सूचना प्रविधिको क्षेत्रमा क्रियाशील श्यामकल श्रेष्ठ र कर्मचारी श्याम दाहाललाई सम्मान गरेको छ । सहकारीले असल बचतकर्ता, असल ऋणी, एकसाथ सदस्य भएका दम्पत्तिलाई सम्मान गरेको छ। मंसिर मसान्तसम्ममा छ हजार नौ सय ३१ जना सेयर सदस्य रहेको सहकारीको सेयर पुँजी चार करोड ३६ लाख ९४ हजार रुपैयाँ रहेको छ । सहकारीको बचत संकलन ५० करोड ९७ लाख ८७ हजार रुपैयाँ रहेको छ ।

सहकारीले दुइ हजार एक सय २४ जना सेयर सदस्यलाई ५७ करोड ३२ लाख १५ हजार रुपैयाँ ऋण लगानी गरेको छ । हेटौंडा-७ मा मुख्य कार्यालय रहेको सहकारीले हेटौंडा-२, हेटौंडा-८ र हेटौंडा-१६ मा पनि सेवा केन्द्र सञ्चालन गर्दै आएको छ ।

हेटौंडा क्याम्पसको साधारणसभा सम्पन्न

समाज संवाददाता

हेटौंडाः हेटौंडा क्याम्पसको साधारणसभा शनिबार सम्पन्न भएको छ । क्याम्पसको १५ औं वार्षिक साधारणसभामा क्याम्पसको आय-व्यय तथा भावी योजना प्रस्तुत गरिएको छ ।

क्याम्पस सञ्चालक समितिका कोषाध्यक्ष नमुना पाण्डेले गत आर्थिक वर्षमा क्याम्पसले ८ करोड रुपैयाँभन्दा बढी आम्दानी भएको बताउनुभएको छ । क्याम्पसको सभाहलमा भएको सभामा आर्थिक वर्ष २०७९/०८० मा क्याम्पसको आम्दानी ८ करोड ६ लाख ६२ हजार ९ सय ३२ रुपैयाँ रहेको कोषाध्यक्ष पाण्डेले बताउनुभयो । उहाँले चालु आर्थिक वर्ष २०८०/०८१ मा ९ करोड ८४ लाख ९३ हजार ९ सय ६७ रुपैयाँ आम्दानी हुने अनुमानित विवरण प्रस्तुत गर्नुभएको छ।

क्याम्पसमा कक्षा ११ देखि स्नात्तकोत्तर तहसम्मका कक्षा सञ्चालन हुने गरेका छन् । चालु शैक्षिक सत्रबाट कक्षा ११, १२ मा होटेल व्यवस्थापन तथा पर्यटन तथा पर्वतारोहण विषयका कक्षाहरु सञ्चालन भइरहेको साधारणसभामा जानकारी दिइएको छ। क्याम्पसमा शिक्षा शास्त्र संकायका स्नातक र स्नातकोत्तर तहका कक्षा सञ्चालन भइरहेको बताइएको छ । हेटौंडा क्याम्पस समुदायको सक्रियतामा सञ्चालित सामुदायिक क्याम्पस रहेको र न्यूनतम शुल्कमा गुणस्तरीय उच्च शिक्षा प्रदान गर्दै आएको कोषाध्यक्ष पाण्डेले बताउनुभयो ।

राष्ट्रिय परीक्षा बोर्ड र त्रिभुवन विश्वविद्यालयको वार्षिक परीक्षामा क्याम्पसले पटक-पटक उत्कृष्ट नतिजा ल्याउन सफल भएको साधारणसभामा जानकारी दिइएको छ । क्याम्पसमा कम्प्युटर प्रयोगशाला, ई-पुस्तकालय तथा पर्याप्त पुस्तकसहितको आधुनिक पुस्तकालयको व्यवस्था गर्ने योजना रहेको बताइएको छ। क्याम्पसले राष्ट्रिय परीक्षा बोर्डको सम्बन्धनमा कक्षा ११ र १२ मा शिक्षा, व्यवस्थापन र मानविकीका विषयहरु अध्यापन गराउँदै आएको छ । क्याम्पसमा स्नातक तहमा त्रिभुवन विश्वविद्यालयको सम्बन्धनमा शिक्षा संकाय (बीएड)तर्फ अंग्रेजी, गणित, स्वास्थ्य, जनसंख्या, नेपाली, अर्थशास्त्र र विज्ञान विषयको अध्यापन भइरहेको छ। त्रिभुवन विश्वविद्यालयकै सम्बन्धनमा २०७६ देखि व्यवस्थापन संकायको स्नातक तहमा बीबीएसका कक्षा नेपाली र अंग्रेजी दुबै माध्यम सञ्चालन रहेको बताइएको छ । यस्तै, मानविकी संकायमा अंग्रेजी, समाजशास्त्र, ग्रामीण विकास तथा गणित विषयको कक्षा सञ्चालन भइरहेको क्याम्पसमा शिक्षाशास्त्र संकायको स्नातकोत्तर (एमएड) को अध्यापनसमेत हुँदै आएको छ। एमएडमा नेपाली, गणित, स्वास्थ्य, अंग्रेजी र शैक्षिक योजना तथा व्यवस्थापन विषयको अभ्यापन भइरहेको साधारणसभामा जानकारी दिइएको छ ।

क्याम्पसमा हाल ७७ जना प्राध्यापक, कर्मचारी कार्यरत छन्। ५ जना सहप्राध्यापक, ५ जना उपप्राध्यापक, ३ जना सहायक प्राध्यापक र ४ जना शिक्षण सहायक गरी १७ जना पूर्णकालीन प्राध्यापक छन्। यस्तै, १३ जना आंशिक उपप्राध्यापक र ३६ जना आंशिक शिक्षक छन् । क्याम्पसमा ८ जना स्थायी पूर्णकालीन र ३ जना करार गरी ११ जना कर्मचारी रहेका छन् ।

अटोमोबाइल पसलमा आगलागी

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१०, टिसीएन रोडस्थित हरिवंशप्रसाद गुप्ताको हरिओम अटोमोबाइल पार्टस्मा आगलागी भएको छ। शनिबार बिहान ९ बजेर ५० मिनेटको समयमा अटोमोबाइल पार्टस्को पसलमा अचानक अगलागी भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ।

आगलागी भएको खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय मकवानपुर, बागमती प्रदेश प्रहरी बिपद व्यबस्थापन गुल्म हेटौंडा, हटौंडा उपमहानगरपालिकाको २ वटा दमकल र स्थानीयको सहयोगमा बिहान १० बजेर ५५ मिनेटको समयमा आगो नियन्त्रणमा लिइएको छ। आगलागीबाट मानवीय क्षति नभएको र आगो कसरी लागेको भन्ने सम्बन्धमा अनुसन्धान भइरहेको प्रहरीले जानकारी दिएको छ।

जिल्ला सहकारी संघमा पुनः देबकोटा

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्ला सहकारी संघ लिमिटेडको २० औं वार्षिक साधारणसभा शनिबार सम्पन्न भएको छ । साधारणसभाले आगामी ४ वर्षे कार्यकालका लागि नारायणप्रसाद देवकोटाको अध्यक्षतामा १३ सदस्यीय सञ्चालक समिति र ३ सदस्यीय लेखा समिति चयन गरेको छ ।

निर्वाचन समितिका संयोजक वीरेन्द्र प्रसाद ढुंगानाका अनुसार सञ्चालक समितिको उपाध्यक्षमा मेनुका दाहाल, सचिवमा दिनेश उपाध्याय, कोषाध्यक्षमा बिमल कुमार ढकाल, सह सचिवमा भोगेन्द्र लुईटेल चयन भएका छन् ।

त्यस्तै सदस्यहरुमा श्रमिक लामा, बिमला कार्की, अर्जुन प्रसाद वाग्ले, हेम प्रसाद न्यौपाने, सीताराम दाहाल, हरिप्रसाद पौडेल, शर्मिला डंगोल चयन भएका छन् । साथै साधारण सभाले लेखा समिति संयोजकमा खेमराज सापकोटा र सदस्यहरुमा ज्ञानेन्द्र ढुंगाना, लक्ष्मण प्रसाद सुवेदीलाई चयन गरेको छ ।

संघका अध्यक्ष नारायण प्रसाद देवकोटाको सभाध्यक्षता तथा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित बहादुर घलानको प्रमुख आतिथ्यमा भएको साधारणसभामा सहकारी महासंघका पूर्व सञ्चालक बद्री प्रसाद लम्साल, केन्द्रीय कृषि सहकारी संघका लेखा समिति संयोजक महेश्वर सुवेदी, केन्द्रीय दुग्ध उत्पादक सहकारी संघका सञ्चालक विदुर हुमागाई, बागमती प्रदेश बचत तथा ऋण सहकारी संघकी उपाध्यक्ष कल्पना श्रेष्ठ, जिल्ला दुग्ध उत्पादक सहकारी संघका अध्यक्ष हरि प्रसाद कँडेल, मकवानपुर जिल्ला बहुउद्देश्यीय सहकारी संघका कार्यबाहक अध्यक्ष शर्मिला डंगोल, संघका पूर्व अध्यक्ष रामजी सापकोटा, पूर्व व्यवस्थापक बद्री प्रसाद भण्डारी, राष्ट्रिय सहकारी बैंक हेटौंडाका प्रमुख रामेश्वर अर्याल लगायतको आतिथ्य रहेको ।

जिल्लाको १९९ वटा संघ/संस्था सदस्य रहेको संघमा १० लाख ६ हजार शेयर पुँजी रहेको छ। संघले सहकारीको क्षमता विकासमा तालिम संचालन, आन्तरिक लेखा परीक्षणमा सहजीकरण लगायत संस्थाको नीति तथा कार्यविधि निर्माणमा सहजीकरण गर्दै आएको छ । साधारणसभामा संघको सबैभन्दा बढी शेयर खरिद गर्ने हेटौंडा ११ मा रहेको बागेश्वरी महिला बचत तथा ऋण सहकारी संस्था र जिल्ला बचत तथा ऋण सहकारी संघ मकवानपुरलाई सम्मान गरिएको थियो ।

शिक्षक आवश्यकता

दोस्रो पटक सूचना प्रकाशित मितिः २०८०/०९/२२ गते

हेटौंडा-१०, गोरक्षेश्वर धाममा सञ्चालित संस्कृत वेद विद्यालयका लागि निजी स्रोतमा करार सेवामा निमावि तहको शिक्षक पदपूर्ति गर्नुपर्ने भएकोले इच्छुक, योग्य नेपाली नागरिकबाट यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र आवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

शैक्षिक योग्यताः +२ उत्तीर्ण वा संस्कृत भाषा, वेद विषय लिई उत्तर मध्यमा उत्तीर्ण
प्राथमिकताः माथिल्लो शैक्षिक योग्यता भएका उम्मेदवार ।
सेवा/सुविधाः आपसी सहमतिमा तय गरिनेछ ।
आवेदन दिने अन्तिम मितिः २०८० पौष २९ गते दिनको ४ बजेसम्म ।
सम्पर्क मितिः २०८० माघ १ गते
परीक्षा मितिः सम्पर्क मितिमा तोकिने छ ।

आवश्यक कागजातहरू (२/२ प्रति)
१) शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपि
२) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
३) अध्यापन अनुमतिपत्रको प्रतिलिपि
४) अनुभवको प्रमाणपत्रहरुको प्रतिलिपि ।

संस्कृत वेद विद्यालय
हेटौंडा-१०, गोरक्षधाम
प्रधानाध्यापक (९८४५३५४३४) अध्यक्ष (९८५५०६७३२३)

हेटौंडा रिफरेन्स ल्याबरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।

Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्याबरोटरी

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

हेटौंडा उपमहानगरपालिका
२ नम्बर वडा कार्यालयको सूचना

बालश्रम बालविकासमा असर पार्ने शोषणजन्य कार्य हो । बालश्रमले बालबालिकाको वृद्धि र विकासमा गंभिर असर पार्ने गर्दछ । यसको अन्त्यका लागि सरोकारवालाहरुले गम्भीर भएर सोच्नु जरुरी छ ।

विष्णुगोपाल महर्जन
वडा अध्यक्ष तथा
२ नम्बर वडा कार्यालय परिवार

वडावासीहरूमा जानकारीका लागि अनुरोध

नेपालको संविधान भाग – ३ मौलिक हकको धारा ३९ अन्तर्गत बालबालिकाको हकको व्यवस्था भएको र स्थानीय सरकार संचालन ऐन, २०७४, र बालबालिका सम्बन्धी ऐन,२०७५, समेतलाई कार्यान्वयन गर्न गराउनका लागि हेटौंडा उपमहानगरपालिका तत्पर रहेको हुँदा २० वर्ष मुनिका किशोरकिशोरीहरुले विवाह गरे गराएमा दुवै पक्ष कानून बमोजिम दण्डनीय हुने हुँदा अरुलाई समेत सचेत गराई कानूनको पालना गर्न गराउनको लागि हार्दिक अनुरोध गर्दछौं । साथै बालबालिकालाई निकृष्ट प्रकारको श्रम (जस्तैः मोटर ग्यारेज, होटल, गिट्टी,बालुवा,सहचालक आदि) मा नलगाउन, १४ वर्ष मुनिका बालबालिकालाई कुनै पनि श्रममा नलगाउन,सूर्तिजन्य पदार्थको खरिद बिक्री गर्ने कार्यमा बालबालिकालाई प्रयोग नगर्नु हुन र विद्यालयमा भर्ना गराई नियमित रुपमा पठनपाठन कार्यमा संलग्न गर्नु गराउनुहुन हार्दिक अनुरोध छ । नगर भित्र माथि उल्लेखित कानुन विरुद्धका कार्यहरु भए वा गरे गराएमा कानून बमोजिम हुने व्यवहोरा पनि जानकारी गराईन्छ ।

दामोदर गौतम
वडा अध्यक्ष तथा
७ नम्बर वडा कार्यालय परिवार
हेटौंडा उपमहानगरपालिका

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ